**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १२२ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८३ जेठ ४ गते सोमबार ❑ 18 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## मुस्ताङमा झण्डै छ सय कार्टुन ‘विद्युतीय चुरोट’ बरामद

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३ जेठ

नेपाल-चीन उत्तर कोरलानास्थित लोमान्थाङ-१ छोसेर न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले शनिबार ५९२ कार्टुन विद्युतीय चुरोट (भेप) बराबद गरेको छ।

कोरलानाकाबाट शङ्कास्पद रूपमा लुकाईछिपाईकन भन्सार छलेर ल्याइँदै गरेका दुई वटा ‘कन्टेनर’को खानतलासी गर्दा उक्त परिमाणमा विद्युतीय चुरोट (भेप) फेला परेको हो। कोरलास्थित मुस्ताङ भन्सार कार्यालयका अनुसार दुई दिनअघि कोरलानास्थित चिनियाँ भन्सारबाट ‘लोड’ गरिएका ना६ख ४७४३ र ना५ख ७९२१ नम्बरको मालवाहक कन्टेनरहरू शनिबार साँझसम्म कोरलानाकामा रोकिएका थिए। शनिबार सार्वजनिक बिदाको दिन भन्सारका कर्मचारी लोमान्थाङको तिजी पर्व हेर्न गएको मौका छोपी उक्त दुई वटा कन्टेनर भन्सार छलेर लोमान्थाङतर्फ आउँदै गरेको अवस्थामा भन्सार कार्यालय र सुरक्षा निकायको रोहवरमा नियन्त्रणमा लिइएको थियो। मुस्ताङ भन्सार कार्यालयका कर्मचारी तथा सुरक्षा निकायले अवैध रूपमा लुकाईछिपाई विद्युतीय चुरोट (भेप) लैजान लागेको गोप्य सूचना पाएपछि भन्सारका कर्मचारी र सुरक्षा निकायको टोलीले कन्टेनर नियन्त्रणमा लिएको हो। भन्सार कार्यालयका अनुसार कन्टेनरमा राखिएको एक कार्टुनमा २२० वटा भेप रहेको जनाएको छ। उक्त सङ्ख्याका आधारमा दुई वटा ट्रकमा करिब एक लाख २० हजार बढी विद्युतीय चुरोट (भेप) रहेको भन्सार कार्यालयले जनाएको छ। भन्सार कार्यालयले हाल स्थानीय जनप्रतिनिधि, सुरक्षा निकायको रोहवरमा बरामद गरिएका भेपको परिमाण र अनुमानित मूल्यको भन्सार मुचुल्का गर्ने तयारी गरिहेको जनाएको छ।



कन्टेनरका चालक सन्तोष लामा र फोन्तोज धोर्जेलाई नियन्त्रणमा लिएर थप अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो। कोरलास्थित स्रोतका अनुसार अवैध रूपमा ल्याइएका दुई वटा कन्टेनर नेपाल-चीन कोरलानाकाको २४ नं सीमास्तम्भ नजिक दुई दिनसम्म शङ्कास्पद रूपमा रोकिएका थिए। चिनियाँ भन्सारबाट मालवस्तु लोड गरिएर कोरलानाकाबाट नेपाल भित्रिएका दुई कन्टेनर तल नझरेपछि भन्सार कार्यालयले कडा निगरानी बढाएको थियो। स्रोतका अनुसार अवैध रूपमा भेप ओसारपसार गर्ने गिरोहले प्रहरी र सशस्त्र प्रहरीलाई देखाउने नक्कली कागजपत्र तयार पारिराखेको बताइएको छ।

यसअघि चालु वर्षको पुस ९ गते पनि कोरलानाकाबाट रु दुई करोड २४ लाख मूल्य बराबरको १६ हजार थान विद्युतीय चुरोट (भेप) बरामद गरिएको थियो। यसैगरी, गत वर्ष कोरलानाकाबाट भित्रिएका रु ६ करोड ८१ लाख मूल्य बराबरको विद्युतीय चुरोट (भेप) भन्सार र सुरक्षा निकायको टोली बरामद गरेको थियो।

## कामिरिता शेर्पा ३२औँ पटक सगरमाथा चुचुरोमा

**रासस**
काठमाडौं, ३ जेठ

विश्वविख्यात हिमाल आरोही कामिरिता शेर्पाले ३२ औँ पटक सगरमाथाको सफल आरोहण गर्नुभएको छ।

सोलुखुम्बुको थामेका ५६ वर्षीय शेर्पाले आइतबार बिहान १०: १२ बजे विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको हो। उहाँले विश्वको सर्वोच्च शिखरमा सबैभन्दा धेरै पुग्ने आफ्नै कीर्तिमानलाई तोड्दै नयाँ इतिहास रच्नुभएको हो। यसअघि सेभेन समिट ट्रेकमार्फत सगरमाथा चढ्दै आउनुभएका शेर्पाले यसपटक भने ‘फोर्टिन पिक्स एक्सिपिडिसन’ मार्फत सञ्चालित ‘एडभेन्चर-२४ फोर्टिन पिक्स एभरेष्ट एक्सिपिडिसन’को नेतृत्व गर्दै ऐतिहासिक सफलता हाँसिल गर्नुभएको हो।

सन् १९९४ मा पहिलो पटक सगरमाथाको शिखरमा पाइला टेक्नुभएका कामिरितालाई विश्वभर ‘एभरेष्ट म्यान’का रुपमा चिन्ने गरिन्छ। फोर्टिन पिक्स एक्सिपिडिसनका संस्थापक टासी लाक्पा शेर्पाले कामिरिताको उक्त उपलब्धि नेपाल र विश्व पर्वतारोहण समुदायका लागि गौरवको विषय भएको बताउनुभयो। “कामिरिताको यो उपलब्धि केबल व्यक्तिगत सफलता मात्र नभई नेपालको शान र हिमालको भावनालाई विश्वमाझ पुर्‍याउन एउटा ठूलो माध्याम हो, हामी उहाँको यो निरन्तरको यात्राको सहयोगी बन्न पाएकामा अत्यन्त गर्व गर्दछौँ”, उहाँले भन्नुभयो। यसैबीच महिला आरोही लाक्पा शेर्पाले ११औँ पटक सगरमाथा आरोहण गर्नुभएको छ। सङ्खुवासभाको मकालुकी लाक्पा शेर्पाले आज बिहान ९:३० बजे ११औँ पटक सगरमाथाको चुचुरोमा पाइला टेक्नुभएको हो।

कुनै महिला आरोही सगरमाथा चढेको यो नै सबैभन्दा धेरै पटक भएको पर्यटन विभागले जनाएको छ। यसअघि लाक्पाले सन् २०२२ मा १० औँ पटक सगरमाथा आरोहण गर्नुभएको थियो। त्यसबेला उहाँले आफ्नै नाममा रहेको नौ पटक सगरमाथामा पुग्ने महिला आरोहीको कीर्तिमान तोड्नुभएको थियो। हालसम्म कम्तीमा सात हजार आरोहीले १२ हजार पटक सगरमाथा चुचुरोको सफल आरोहण गरिसक्नुभएको छ।

## विशेष महाधिवेशनबाट छुटेका नेताहरुलाई सँगै लिएर काम गर्न चाहन्छु: सभापति थापा

**रासस**
काठमाडौं, ३ जेठ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको विशेष महाधिवेशनबाट छुटेका नेताहरुलाई सँगै लिएर काम गर्न चाहेको बताउनुभएको छ।

‘प्रजातान्त्रिक विचार समाज’को स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित ‘समसामयिक राजनीतिमा नेपाली कांग्रेसको भूमिका’ विषयक कार्यक्रममा सभापति थापाले विशेष महाधिवेशनमा छुटेका नेताहरुलाई केन्द्रीय समिति र अन्य समितिमा समेट्ने बताउनुभयो।

“पार्टीको १४औँ महाधिवेशनबाटनिर्वाचितभएका नेताको ठूलो पङ्क्ति बाहिर छ, १४औँ महाधिवेशनबाट निर्वाचित नेताहरु जो हुनुहुन्न मेरो समितिभित्र, म अहिलेको केन्द्रीय समितिभित्र ल्याएर मानका साथ वरिष्ठ नेता बनाउनुपर्नेलाई वरिष्ठ नेता, जसलाई जे ठाउँमा राखेर हुन्छ म उहाँहरूलाई सँगै राखेर काम गर्न चाहन्छु”, सभापति थापाले भन्नुभयो।

सभापति थापाले पार्टीको १५औँ महाधिवेशनको मिति तय भएको र प्रेमबहादुर खड्काको अध्यक्षतामा निर्वाचन समिति बनेको उल्लेख गर्दै त्यसमा अरुलाई पनि समेट्न आफू तयार रहेको बताउनुभयो। उहाँले महामन्त्री प्रदीप पौडेलको नेतृत्वमा सदस्यता जाँचबुझ समिति रहेको स्मरण गराउँदै त्यसमा पनि थप सदस्य राख्न आफू तयार रहेको बताउनुभयो।

अनुशासन समितिको नेतृत्व तारामान गुरुङले गरेको जानकारी दिँदै उहाँले त्यसमा पनि कतिपय सदस्य समेट्न सकिने बताउनुभयो। पार्टीभित्रका नेतालाई अवसर दिने विषयमा आफू प्रष्ट रहेको उल्लेख गर्दै सभापति थापाले भन्नुभयो, “को विशेष महाधिवेशनबाट आएको हो, को आएको थिएन भन्ने आधारमा पार्टीभित्र अवसर प्राप्त गर्ने कुरा हुँदैन।” देशभर रहेका क्रियाशील सदस्यलाई पार्टीको सदस्यता अद्यावधिक गर्नसमेत सभापति थापाले आग्रह गर्नुभयो।

पार्टीका महामन्त्री प्रदीप पौडेलले संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्प्रति पूर्णरूपमा उत्तरदायी हुनुपर्नेमा नभएको गुनासो गर्नुभयो। ठूलो जनसमर्थनका साथ गठन भएको वर्तमान सरकार छोटो समयमै प्रश्नहरूको घेरामा पर्नु चिन्ताजनक विषय भएको उहाँको भनाइ थियो। राजस्व अनुसन्धान, सम्पत्ति शुद्धिकरण तथा विशेष अनुसन्धान जस्ता संवेदनशील निकायलाई प्रधानमन्त्री केन्द्रित नबनाउन महामन्त्री पौडेलले सुझाव दिनुभयो।

कांग्रेस नेता अर्जुननरसिंह केसीले संविधान संशोधनका लागि पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा संविधान संशोधनका लागि सुझाव दिन आयोग गठन गरिनुपर्ने बताउनुभयो। उहाँले आयोगले संसद्भित्र र बाहिर रहेका सबै राजनीतिक पक्षलाई संयोजन गरेर सुझाव दिनुपर्ने उल्लेख गर्नुभयो। संविधानले कुनै पार्टीका इच्छा मात्र नेतृत्व गर्नु नहुने र राष्ट्रिय बहस आवश्यक रहेको नेता केसीको भनाइ थियो। “कुनै पूर्वप्रधानन्यायाधीशको अथवा राष्ट्रले चिनेको संविधानविद् र विज्ञको संयोजकत्वमा संविधान सुधार सुझाव आयोग गठन होस्, संविधानले कुनै पार्टीका इच्छा र अभिमतलाई मात्र नेतृत्व नगरी व्यवहारमा देखिएका त्रुटि कमजोरी समेतलाई केन्द्र विन्दुमा राखेर संविधानबारे राष्ट्रिय रूपमा बहस चलाउनुपर्छ”, नेता केसीले भन्नुभयो।


समाजका अध्यक्ष कुलचन्द्र वाग्लेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा संविधानविद् विपीन अधिकारी, कूटनीतिक व्यक्तित्व शम्भुराम सिंखडा, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदीशचन्द्र पोखरेल, समाजका निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसी, समाजका पूर्वअध्यक्ष हरिहर दाहाल, प्रजातन्त्रवादी कानुन व्यवसायी सङ्घका अध्यक्ष सीताराम केसी र शेरबहादुर केसी, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, वरिष्ठ पत्रकार गोकर्ण अर्याल, डा वासुदेव भण्डारीलगायतले मुलुकको समसामयिक राजनीतिमा नेपाली कांग्रेसले खेल्नुपर्ने भूमिकाबारे आ-आफ्नो धारणा राख्नुभएको थियो।

**GLOBAL COLLEGIATE SCHOOL**
**Ranipauwa, Pokhara**

**ADMISSION NOTICE**

**Global Collegiate School announces admission open for class XI in SCIENCE AND MANAGEMENT for the academic year 2083/2084.**

**Student selection will be made on the basis of GPA in SEE and interview performance.**



**MINIMUM REQUIREMENT**
At least GPA 3.2 for Science and GPA 2.4 for Management in SEE.

**To receive application form and for further details, please contact school office between 7am–4pm.**

**Optional Computer Science is also available for both science and management stream.**

Principal
**GLOBAL COLLEGIATE SCHOOL**
Ranipauwa, Pokhara, Ph.: 061-574604, 577813, 585817
Global Collegiate School

# डा सुर्यमणि अधिकारी स्मृति प्रतिष्ठानद्धारा मानव सेवा आश्रममा भोजन सेवा

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ

प्रा डा सुर्यमणि अधिकारी स्मृति प्रतिष्ठान पोखराले मानव सेवा आश्रममा भोजन सेवा प्रदान गरेको छ।

आइतबार पोखराको हेम्जामा रहेको आश्रम परिसरमा भोजन सेवा प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको हो । इतिहासविद्, साहित्यकार र समाजसेवी प्रा डा सुर्यमणि अधिकारीको स्मृतिमा सो कार्यक्रम आयोजना गरिएको हो । आश्रमका दुई सय जनालाई भोजन सेवा प्रदान गरिएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानकी अध्यक्ष इन्दिरा अधिकारी कोइरालाको अध्यक्षतामा सो कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा स्मृति प्रतिष्ठानका वरिष्ठ सल्लाहकार प्राडा दिलबहादुर क्षेत्रीले स्वर्गीय प्रा डा सुर्यमणि अधिकारीको स्मरण गर्दै वहाँका कृतिहरु सदैव जीवित रहेको बताए । स्वर्गीय प्रा डा अधिकारीको कलम युगौंयुगसम्म रहिरहने बताउँदै उनले आदरणीय गुरुको स्मृतिमा प्रतिष्ठानले पुण्य कार्य गर्न



पाएकोमा खुशी व्यक्त गरे।

सोही कार्यक्रममा प्रतष्ठिानका संरक्षक कपिलनाथ कोइरालाले प्राडा सूर्यमणिले इतिहास, समाजसेवा, संस्कृति र समग्र नेपाली जनजीवनकै उत्थानका लागि उल्लेखनीय भूमिका निर्वाह गरेको बताए । स्वर्गीय अधिकारीका कामहरुको स्मरण गर्नका लागि प्रतिष्ठान गरेको गरेको उनले जानकारी दिए। प्रतिष्ठानले विभिन्न विधामा राष्ट्रियस्तरका प्रतिभाहरुलाई पुरस्कृत गर्ने गरेको पनि उनको भनाइ छ । प्रतिष्ठानकी अध्यक्ष इन्दिरा अधिकारी कोइरालाले आगामी दिनमा संस्थाकातर्फबाट मानव सेवा आश्रममा सहयोग जारी राख्ने प्रतिवद्धता व्यक्त गरिन्। कार्यक्रममा प्रतिष्ठानका सदस्य शंकर खरालले स्वर्गीय अधिकारीका योगदानका बारेमा चर्चा गरेका थिए। भोजन सेवा प्रदान कार्यक्रममा मानव सेवा आश्रम पोखराकी संरक्षक तथा पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतम, प्रतिष्ठानका कोषाध्यक्ष डा बाबुराम अधिकारी, सदस्यद्धय रविन्द्र माकाजू र इञ्जिनियर सृजन कोइरालाको उपस्थिति रहेको थियो । स्व प्राडा सूर्यमणि अधिकारी चितवन जिल्लाबाट पहिलो पटक विद्यावारिधी गर्ने व्यक्ति हुन् । उनका योगदानलाई चीरस्थायी बनाउन उनका सन्तान, आफन्त र शुभेच्छुकले २०७५ सालमा प्राडा सूर्यमणि अधिकारी स्मृति प्रतिष्ठान गठन गरेका हुन् । तत्कालीन पोखरा नगरपालिकामा पनि सेवा गरेका अधिकारी पछिल्लो समय चितवनमा बसोबास गर्थे । इतिहासविद्, साहित्यकार र समाजसेवीका रुपमा परचिति अधिकारीका २ दर्जन कृति र १ सयभन्दा बढी अनुसन्धानात्मक लेख प्रकाशित छन्। उनको मृत्यु ०६२ जेठ १२ गते भएको थियो। बाबुको सम्झनामा उनकी छोरी इन्दिरा अधिकारी कोइरालाले अक्षयकोष स्थापना गरेकी हुन् । प्रतिष्ठानले इतिहास, भाषा, साहित्य, धर्म, संस्कृति, सामाजिक सेवा, परोपकार तथा लोककल्याणकारी क्षेत्रमा कार्य गर्दै आएको छ। यसैगरी मानवसेवा आश्रम परिवार र आफन्तविहीन भई खुला आकाशमुनी सडकपेटी एवं सार्वजनिक स्थलहरुमा अति कष्टपर्ण जीवन विताउन विवश सहयोगापेक्षी सडकआश्रितका लागि समर्पित गैर नाफामूलक सामाजिक संस्था हो । आश्रमले नेपालको सातै प्रदेशका १९ जिल्लामा २३ ओटा सेवा केन्द्र सञ्चालन गरी ७७ ओटै जिल्लाका सहयोगापेक्षी सडकआश्रित मानवहरुको उद्धार एवं तीनको मानवोचित व्यवस्थापन गराउँदै आइरहेको छ।

# युवा शक्तिको चमक सत्य युवा समिति

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ

पोखरा महानगरपालिका वडा नं १३ अन्तर्गतको बाँझपाटन क्षेत्र खेलकुद र युवाशक्तिको उत्साहले पुनः एकपटक गुञ्जायमान बनेको छ।

स्थानीय युवाहरूको सक्रियतामा बाँझापाटन बि-१३ एशोसिएसनद्वारा आयोजित पहिलो खुल्ला फुटसल टुर्नामेन्ट हालै भव्य र सफल रूपमा सम्पन्न भएको हो।

प्रतियोगिताको अन्तिम खेल निकै प्रतिस्पर्धात्मक र रोमाञ्चक बन्यो फाइनलमा मिकी एफसी तालपरी एफ सी बीच भएको भिडन्तमा मिकी एफसीले उत्कृष्ट खेल प्रदर्शन गर्दै १-० गोल अन्तरले जित हात पार्न सफल भयो। खेलभरि दुवै टोलीले आक्रामक रणनीति अपनाए पनि निर्णायक गोलले मिकी एफसीलाई उपाधिसम्म पुऱ्यायो । यो जितसँगै मिकी एफसीले प्रतियोगिताको पहिलो संस्करणको च्याम्पियन बन्ने गौरव प्राप्त गरेको छ भने तालपरी एफसीले उपविजेतामा चित्त बुझायो । उद्घाटन अवसरमा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएकी श्यामकुमारी गुरुङले प्रतियोगिताका लागि रु. १,११,१११ नगद प्रथम पुरस्कार सहयोग प्रदान गर्दै कार्यक्रमलाई विशेष महत्व दिइन।

त्यसैगरी द्वितीय पुरस्कार प्रायोजकका रूपमा संस्थाका सदस्य बिनोद गुरुङका बुबा अमर सूर्य गुरुङको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा पोखराका ३३ वटै वडाका युथ कोर्डिनेटर अमित गुरुङ र सत्य युवा सेवा समितिका अध्यक्ष हितमान गुरुङ, उपाध्यक्ष लुम गुरुङ, सचिव महेश आचार्य, नारायण गुरुङ, वडा नं १३ का निवर्तमाान वडा अध्यक्ष दर्शन लामा लगायत विभिन्न सामाजिक तथा सेवामूलक संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

प्रतियोगिता केवल खेलकुदमा सीमित नभई स्थानीय युवाहरूबीच सहकार्य, अनुशासन र नेतृत्व विकासको एउटा उत्कृष्ट उदाहरणका रूपमा देखिएको छ। बाझपाटन क्षेत्रमा आयोजित यस प्रकारका गतिविधिहरूले युवालाई सकारात्मक दिशातर्फ प्रेरित गर्नुका साथै सामुदायिक एकता बलियो बनाउने कार्य गरेको छ।

कार्यक्रमबारे जानकारी दिँदै पदम गुरुङले भविष्यमा अझ व्यापक र व्यवस्थित रूपमा यस्ता प्रतियोगिता आयोजना गर्ने लक्ष्य रहेको बताए।

# जेष्ठ नागरिक पोखरा १९ मा माधव, ३८ जना सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ

जेष्ठ नागरिक सरोकार समाज, पोखरा-१९ को अध्यक्षमा माधव प्रसाद पौडेल चयन भएका छन्।

समाजको शनिबार सम्पन्न छैटौ वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले पौडेलको अध्यक्षतामा १३ सदस्यीय समिति चयन गरेको छ । समाजको उपाध्यक्षमा तिलकुमारी कार्की, सचिवमा ढाकामोहन पौडेल, कोषाध्यक्षमा हरी गौतम र सदस्यहरुमा धरेन्द्र नारायण पौडेल, मित्रलाल बास्तोला, पोषराज पौडेल, मैया पौडेल, प्रेम प्रसाद तिवारी, नबिना गौतम, कमल आचार्य र रुपा केसी रहेका छन्।

समितिमा जनजाती र दलित तर्फका २ जना सदस्य मनोनित हुन बाँकी रहेको जनाईएको छ। यसअघि अधिवेशनको उद्धाटन गर्दै वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले जेष्ठ नागरिकका अधिकार र सेवा,



सुरक्षाका सम्वन्धमा स्थानीय सरकार प्रतिबद्ध रहेको बताए। उनले समाजमा सदाचार निर्माणका लागि जेष्ठ नागरिकले निर्वाह गरेको भुमिकाको प्रशंसा गर्दै, उनीहरुका अनुभवबाट पाठ सिकेर अघि बढ्नु पर्नेमा जोड दिए । समाजका अध्यक्ष पद्मा गौतमको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य विकासकुमार आचार्य, दुर्गादिवी बस्नेत, कल्पना सुनार, जेष्ठ नागरिक सरोकार समाजका अध्यक्ष नारायण सुवेदी, आजिवन सदस्य मित्रलाल बास्तोलालगायतले जेष्ठ नागरिक समाजको दर्पण भएको बताउँदै, उनीहरुको सिप र अनुभवलाई समाज निर्माणमा लगाउनुपर्ने बताए।

कार्यक्रममा वि.सं. २००४ देखि २००७ सालभित्रका ३८ जना नागरिकलाई सम्मान गरिएको थियो। सभाले कोषध्यक्ष चित्रबहादुर केसीले प्रस्तुत गरेको आर्थिक तथा समाजको बार्षिक प्रतिवेदन पारित गर्यो । कार्यक्रमको संचालन समाजका आजिवन सदस्य गोविन्द प्रसाद काफ्लेले गरेका थिए।

# चीनको मितेरी सहरको उपहार एम्बुलेन्स सेवा पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ


मित्र राष्ट्र चीनको मितेरी सहर जिजाङ प्रान्तको लिञ्जीबाट उपहार स्वरूप अत्याधुनिक सुविधा सम्पन्न एम्बुलेन्स सेवा पोखरामा भित्रिएको छ।

अत्याधुनिक एम्बुलेन्ससहित स्वास्थ्य सामग्री अन्ततः साढे तीन वर्षपछि पोखरा आइपुगेको पोखराका मेयर धनराज आचार्यले बताउनु भयो।

मितेरी सहर लिञ्जीले नयाँ जनप्रतिनिधि निर्वाचित भएपछि स्वागतस्वरूप अत्याधुनिक उपकरणसहितको एम्बुलेन्स, भेन्टिलेटर, अक्सिजन सिलिन्डर तथा अक्सिजन कन्सन्ट्रेटर लगायत स्वास्थ्य सामग्री सहयोग गर्ने घोषणा गरेको थियो। सामग्री चीनबाट रसुवाको केरुङ नाका हुँदै नेपाल भित्रिए पनि लामो समय भन्सार प्रक्रियामा अड्किएको थियो। तत्कालीन कानुनी व्यवस्थाअनुसार १६ लाख रुपैयाँभन्दा बढी मूल्यका सामग्रीमा भन्सार छुट नपाउने व्यवस्था रहेका कारण करोडौं मूल्यको एम्बुलेन्स रोकिएको महानगरले जनाएको छ। त्यसपछि महानगरले नेपाल सरकारका विभिन्न निकायसँग समन्वय गर्दै भन्सार छुटका लागि निरन्तर पहल गरेको थियो।

गत वर्षको बजेटमार्फत एम्बुलेन्स भन्सार छुटसम्बन्धी सीमा हटाइएपछि सामग्री ल्याउने बाटो खुलेको महानगर प्रमुख धनराज आचार्यले जनाउनु भयो। तर यसबीच महानगरपालिकाको कार्यालयमा भएको आगलागीमा सम्बन्धित कागजात नष्ट भएपछि प्रक्रिया पुनः सुरु गर्नुपरेको थियो। पुनः समन्वय र प्रक्रिया पूरा गरेर मूल्य उल्लेख नगरी सामग्री फेरि मगाइएपछि अन्ततः ती सामग्री पोखरामा भित्रिएका हुन्।

महानगर प्रमुख आचार्यले मितेरी सहर लिञ्जीबाट प्राप्त सहयोग केवल स्वास्थ्य सामग्री मात्र नभई दुई सहरबीचको मित्रता, विश्वास र सहकार्यको प्रतीकका रुपमा रहेको बताउनु भयो। उनका अनुसार उक्त सामग्री पोखरावासीलाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले प्रयोग गरिनेछ। पोखरा महानगरपालिकाले सामग्री भन्सार छुटाएर पोखरा ल्याउन सहयोग गर्ने नेपाल-चीन मैत्री संघका अध्यक्ष विश्वशंकर पालिखे, भन्सार कार्यालय तथा नेपाल सरकारका विभिन्न निकायप्रति आभार व्यक्त गर्नुभयो।




# राजनीतिक दलबीच परस्पर संवाद भइरहनुपर्छः महासचिव पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले संसदीय प्रणालीमा राजनीतिक दलहरूबीच परस्पर संवाद भइरहनुपर्ने बताउनुभएको छ।

तेत्तीसौँ मदन-आश्रित दिवसका अवसरमा 'मदन-आश्रित प्रतिष्ठान'द्वारा आइतबार यहाँ आयोजित 'जनताको बहुदलीय जनवाद (जबज) र युवा' विषयक विचार गोष्ठीमा महासचिव पोखरेलले अहिले यस प्रणालीको राजनीतिक चरित्रअनुसार दलहरुबीच जनताका समस्या समाधानमा उचित संवाद हुन नसकेको बताउनुभयो । उहाँले राज्यका तीन अङ्गबीच उचित समन्वय हुन नसकेको टिप्पणी गर्नुभयो।

महासचिव पोखरेलले सूचना प्रविधि र शिक्षामा युवालाई जोड्न आफूहरुले मेहनत गर्ने बताउनुभयो। उहाँले जनताका बीचमा प्रतिस्पर्धाबाट श्रेष्ठता र शान्तिपूर्ण सङ्घर्षबाट परिवर्तनको अनुभूति दिन सक्नुपर्ने उल्लेख गर्दै गत निर्वाचनको हारबाट पाठ सिकेर फेरि जनमखी नीतिका साथ जनताका बीचमा जाने योजना रहेको बताउनुभयो।

प्रतिष्ठानका अध्यक्ष प्रदीपकुमार ज्ञवाली, एमाले संसदीय दलका प्रमुख सचेतक ऐनबहादुर महर, राष्ट्रिय युवा सङ्घ नेपालका उपाध्यक्ष विनायक शाह, नेपाल ल क्याम्पसका स्ववियु सभापति समीर रिजाल, सूचना प्रविधि विज्ञ ई रमेश पौडेललगायतले युवाभावलाई मनन् गरेर सरकार र राजनीतिक दलले काम गर्न सक्नुपर्नेमा जोड दिनुभयो । उहाँहरुले जननेता मदनकुमार भण्डारीले प्रतिपादन गरेको जबजका जगमा युवाहरूलाई सही राजनीतिको धारमा अग्रसर गराउन सक्नुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रतिष्ठानको वार्षिक मुखपत्र विमोचन गरिएको थियो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# बुटवलबाट सुकुम्बासीको खबरदारी

बालेन्द्र शाहको सरकारले काठमाडौंमा सुकुम्बासी बस्तीमा डोजर लगाएपछि धेरैले आलोचना गरेका छन । केहीले सरकारको कदमलाई हर्ष बढाईं गरेका छन । काठमाडौंमा निरीह देखिएका गरिबर सुकुम्बासी सर्वोच्च अदालतले तत्काल सुकुम्बासी बस्तीमा डोजर नचलाउन अन्तरिम आदेश दिएपछि काठमाडौं बाहिरका सुकुम्बासी संगठित हुन थालेका छन।देशभरका भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासी आइतबार बुटवलमा प्रदर्शन गरेर सरकारलाई खबरदारी गरेका छन । विशेषगरी सुकुम्बासी समस्या बढी रहेको तराईका २२ जिल्लाका भूमिहीन प्रदर्शनमा सहभागी भएर सुकुम्बासीको शक्ति देखाएका छन । 'पहिले व्यवस्थापन गरी त्यसपछि हटाउने कुरा गर' भन्ने उनीहरूको आवाज छ । पुराना राजनीतिक दलले पनि भन्दै आएको पहिला व्यवस्थापन गर त्यसपछि हटाऊ भन्ने नै हो । विश्व समुदायले पनि भनेको त्यही हो । मानवीय भावना नभएको र एकांगी रुपमा चल्ने शासकले गर्ने व्यवहार गरिव, सुकुम्बासी र अव्यवस्थित बसोवास गर्नेलाई उठीबास लगाउने हो ।

मानवअधिकार प्रति संवेदनशील नभएको सरकारलाई राष्ट्रिय भेलामा सहभागी हुन बुटवल आएका सुकुम्बासीले उचित व्यवस्थापनविना राज्यले भूमिहीन नहटाउन माग गर्दै प्रदर्शन गरे । सार्वजनिक जग्गा संरक्षणको नाममा सरकारले वर्षौंदेखि बसेको बस्ती खाली गर्न नहुने उनीहरूको भनाइ छ । चर्को गर्मीको परबाह नगरी हजारौंको संख्यामा उनीहरू छाता ओढेर प्रदर्शनमा सहभागी भएका थिए । बुटवलको राजमार्ग चौराहाबाट शुरू भएको प्रदर्शन मिलनचोक, अस्पताल लाइन हुँदै ट्राफिकचोक पुगेर सभामा परिणत भएको थियो । उनीहरूले 'डोजर आतंक बन्द गर, अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर, जबरजस्ती हटाउने अभियान बन्द गर, सुकुम्बासी हुनु रहर होइन बाध्यता हो, गरिबलाई बाँच्न दे, डोजर होइन समाधान दे, गाँस-बाँस-कपासको सुनिश्चित गर' भन्दै सरकारविरुद्ध नाराबाजी गरेका थिए । रुपन्देहीबाट अकल्पनीय सफलता पाएको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारलाई सुकुम्बासीको प्रदर्शन जनमत शासकले मनपरि गर्ने छुट होइन भन्ने सन्देश हो ।

भूमिहीन नागरिकलाई बारम्बार विस्थापनको त्रासमा बस्न बाध्य बनाइएको छ । उनीहरूलाई सधैं भोट बैङ्कका रूपमा मात्र प्रयोग गरियो । अब आश्वासन होइन, व्यावहारिक समाधान आवश्यक छ । वर्षौंदेखि बस्दै आएको घरबास सरकारले हटाउन सक्ने त्रासले लाखौं नागरिक मानसिक पीडा र तनावमा रहेका छन। सुकुम्बासीले विश्वास गरेर मत दिएपछि भूमिहीन सुकुम्बासीहरूको पक्षमा काम गर्न सरकारलाई अग्रसर हुनुपर्नेमा उठिबास बनाउनु विडम्बना हो ।

वर्षौंदेखि बसोबास गर्दै आएको स्थानमै व्यवस्थित बसोबासको व्यवस्था मिलाउनुपर्ने 'र वास्तविक सुकुम्बासीलाई जमिन र आवास सुनिश्चित नगरी डोजर चलाउने कार्य कदापि स्वीकार्य हुँदैन । सरकारले वैकल्पिक व्यवस्थाको भरपर्दो व्यवस्था नगरी हतारमा बस्तीमा डोजर चलाएपछि देशभरका १२ लाखभन्दा बढी परिवारका झण्डै ६० लाख नागरिक प्रभावित भएका छन।उनीहरूलाई सडकमा उत्रन दिनु सरकारको आफ्नै खुट्टामा बञ्चरो हान्नु हो । भूमिहीन/अव्यवस्थित बसोबासीको समस्याको न्यायोचित समाधान गर्न विज्ञहरू समेतको सहभागितामा छलफल गरी ठोस निचोड निकाल्ने काम नै तत्कालको समाधान हो ।

# चट्याङ लागेर युवतीको मृत्यु

पोखरापत्र संवाददाता
तनहुँ, ३ जेठ

चट्याङ लागेर यहाँ एक युवतीको मृत्यु भएको छ । मृत्यु हुनेमा तनहुँको व्यास नगरपालिका–१४ रुम्सीकी १९ वर्षीया ललिसा थापा रहेकी छिन् ।

आँगनमा बसिरहेको अवस्थामा चट्याङ लागेर ललिसा घाइते भएकी थिइन् । उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार चट्याङ लागेर घाइते ललिसाको उपचारका क्रममा प्रदेश अस्पताल दमौलीमा मृत्यु भएको हो ।

# जंगली च्याउ खाँदा थप एक जनाको मृत्यु

रासस
चितवन, ३ जेठ

जङ्गली च्याउ खाँदा मृत्यु हुनेको सङ्ख्या दुई पुगेको छ । इच्छाकामना गाउँपालिका-१ कुलबाङका दुई जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा ९ वर्षीया नमुना चेपाङ र ११ वर्षीय सज्जय चेपाङ रहेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार नमुनाको जेठ १ गते मृत्यु भएको हो भने सज्जयको शनिबार राति उपचारका क्रममा मृत्यु भएको हो । वैशाख २९ गते श्यामबहादुर चेपाङको पाँच जना परिवारले जङ्गली च्याउ खाएका थिए । जसमध्ये तीन जना जेठ १ गते बिरामी परी उपचारका लागि भरतपुर अस्पताल ल्याइएको हो ।

उपचारका क्रममा नमुनाको सोही दिन मृत्यु भएको थियो । १३ वर्षीया मनिता चेपाङको अहिले भरतपुर अस्पतालमा उपचार भइरहेको छ । बिरामी मनिताको अवस्था गम्भीर रहेको उहाँले जानकारी दिनुभयो ।

# अण्डाको उत्पादन घट्यो, मूल्य बढ्यो

रासस
चितवन, ३ जेठ

गर्मी मौसमसँगै अण्डाको उत्पादन घट्दा मूल्य बढेको छ । नेपाल लेयर्स कुखुरापालक सङ्घले आज अण्डाको समर्थन मूल्य बढाएको हो । सङ्घका अनुसार ठूलो अण्डा रु ५१५ प्रतिक्रेट (३० वटा) र मध्यमको रु ४८५ फार्मदर कायम गरिएको छ ।

सङ्घका सचिव मदन पोखरेलका अनुसार उपभोक्ता मूल्य प्रतिगोटा रु २५ कायम गरिएको छ । यसअघि ठूलो अण्डा रु ४८५ र मध्यम अण्डा रु ४३५ कायम गरिएको उहाँले बताउनुभयो । नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेलले दुई दिने बिदाले पर्यटक बढ्दा खपत बढ्नुका साथै गर्मीका कारण अण्डा उत्पादन घटेकाले माग बढ्न गई मूल्य बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "किसान कुखुरापालन पेसाबाट पलायन हुँदा जनशक्तिको अभाव छ । कुखुरामा विभिन्न रोग लागेर मरेका छन्, जसले अण्डाको उत्पादन घटेको छ ।" अण्डाको लागत मूल्य प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्ने जनाउँदै अध्यक्ष पोखरेलले किसानले अझै लागत मूल्य पाउन नसकेका बताउनुभयो । अण्डा उत्पादन गर्दै आएका विभिन्न कृषि फार्मले जारी गरेको मूल्यको आधारमा नेपाल लेयर्स कुखुरापालक सङ्घले समर्थन मूल्य जारी गर्दै आएको उहाँले जानकारी दिनुभयो । फार्महरूको मूल्यलाई समायोजन गरेर समर्थन मूल्य जारी गरिएको अध्यक्ष पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार दाउन्ने एग्रो फार्म नवलपरासीको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९५० र मझौला रु तीन हजार ७५०, हिमचुली पोल्ट्री नवलपरासीको ठूलो अण्डा रु तीन हजार ९६० र मझौला तीन हजार ७६०, खिलुङ्ग एग्रो स्याङ्जाको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९७०, मझौला रु तीन हजार ७७०, जनकपुर एग्रो जनकपुरको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९८०, मझौला रु तीन हजार ७८५, पूर्वाञ्चल पोल्ट्र विराटनगरको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९८०, मझौला रु तीन हजार ७७० कायम गरिएको छ । यसैगरी शिवम् पोल्ट्री वीरगञ्जको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९६०, मझौला रु तीन हजार ७६०, लक्ष्य पोल्ट्री चितवनको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९८०, मझौला रु तीन हजार ७८०, खजाना एग्रो दाङको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९७५, मझौला रु तीन हजार ७७५, नेशनल काजी एग्रो कैलालीको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९६५, मझौला रु तीन हजार ७६५ मूल्य कायम गरिएको छ । त्यस्तै सुविस/काठमाडौं त्रिशूलीको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९६०, मझौला रु तीन हजार ७५०, मोडेल पोल्ट्री चितवनको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९५०, मझौला रु तीन हजार ७५५ र एनएम पोल्ट्री झापाको ठूलो अण्डा प्रतिपेटी रु तीन हजार ९५०, मझौला रु तीन हजार ७६० कायम गरिएको सचिव पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार एउटा पेटीमा सात क्रेट (२१० अण्डा) हुन्छन् ।

# ज्ञानज्योति विद्याकुञ्जका एसइई उत्तीर्ण विद्यार्थीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ

पोखरा महानगरपालिका वडा नं. ३२ मा अवस्थित ज्ञानज्योति विद्याकुञ्ज मावि ले एसइईमा उत्तीर्ण विद्यार्थीलाई सम्मान तथा बधाई ज्ञापन गरेको छ ।

माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई बधाई तथा सम्मान गरेको हो । उक्त विद्यालयबाट एसइईमा सतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । विद्यालयले एक कार्यक्रमको आयोजना गरि पोखरा महानगरपालिका वडा नं. ३२ की वडा सदस्य शोभा विक, विद्यालयका प्रिन्सिपल अर्जुनप्रसाद अधिकारीले विद्यार्थीलाई बधाई तथा खाद अबिर र मायाको चिनोले सम्मान गरेका थिए । उक्त अवसरमा अभिभावक तथा शिक्षकहरुलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा एसईई उत्तीर्ण



सम्पूर्ण विद्यार्थीहरूको मेहनत, लगनशीलता र उत्कृष्ट सफलताको सम्मान गर्दै खुशी साटासाट गरिएको थियो । कार्यक्रममा विद्यालयका प्रिन्सिपल अर्जुनप्रसाद अधिकारीले विद्यार्थीहरूको उज्ज्वल उपलब्धिप्रति गर्व व्यक्त गर्दै आगामी शैक्षिक यात्राका लागि शुभकामना व्यक्त गरे । उनले विद्यार्थीहरूको सफलतामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अभिभावकहरूको निरन्तर साथ, सहयोग र विश्वासप्रति धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा बोल्दै वडा सदस्य शोभा विकले विद्यालयको रिजल्टले नै विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने बताउँदै आगामी दिनमा पनि उत्कृट रिजल्ट ल्याउनका लागि शुभकामना व्यक्त गरिन् ।

विद्यालयका प्रिन्सिपल अर्जुनप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा एकेडेमीक डिन टंकराज सुवेदी, कार्यक्रम संयोजक सूर्यमोहन खनाल, मित्रबन्धु सुवेदी, झलक अर्याल र विद्यार्थी जेशिका गुरुङले बोलेका थिए । कार्यक्रममा विद्यालयका व्यवस्थापन समिति, शिक्षक-शिक्षिका, कर्मचारी, अभिभावक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

# शिक्षकलाई मगर खाम भाषाको तालिम

पोखरापत्र संवाददाता
म्याग्दी, ३ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिकाका शिक्षकहरूलाई मगर खाम भाषासम्बन्धी तालिम प्रदान गरिएको छ ।

मगर समुदायको बाहुल्यता रहेका बस्तीका १५ विद्यालयमा यसै शैक्षिकसत्रदेखि स्थानीय पाठ्यक्रमअन्तर्गत मगर खाम भाषामा पठनपाठन गराउन दक्ष जनशक्ति तयार पार्ने उद्देश्यले सञ्चालन भएको तालिम शनिबार सकिएको हो ।

बेनीमा सात दिनसम्म सञ्चालन भएको तालिममा मगर भाषाविज्ञ कर्णबहादुर बुढामगरले प्रशिक्षण दिनुभएको थियो । रघुगङ्गा गाउँपालिकाको आर्थिक सहयोगमा कक्षा १ को मगर खाम भाषा किताब तयार पारेको नेपाल पुन मगर समाज रघुगङ्गाका अध्यक्ष टीका पुर्जा पुनले बताउनुभयो । सयौं वर्षदेखि हराए जाने अवस्थामा पुगेको मगर खाम भाषाको संरक्षण, पुनरुत्थान र अन्तरपुस्ता हस्तान्तरणका लागि विद्यालयका शिक्षकलाई प्रशिक्षकका रूपमा तयार गर्न तालिम सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

कार्यक्रममा पुन मगर समाज युकेका सल्लाहकार योगकुमार फगामीले मगर भाषाको महत्वलाई उजागर गरी नयाँ पुस्तालाई भाषाको ज्ञान दिन तालिमलाई प्रभावकारी बनाउन आवश्यक रहेकामा जोड दिनुभयो । नेपाल एकीकरणको समयदेखि तत्कालीन रिडीखोला/कालीगण्डकी नदीदेखि पूर्वका १२ र पश्चिमका १८ मगर राज्यहरूको अस्तित्व मेटिएसँगै मगर खाम भाषा र लिपिको समेत इतिहास मेटिदै गएको नेपाल मगर सङ्घका अध्यक्ष खम थापामगरले बताउनुभयो ।

# मूल्यमा पारदर्शिता कायम गर्न बजार अनुगमन

पोखरापत्र संवाददाता
पर्वत, ३ जेठ

सरकारले यस वर्ष गत वैशाख २८ देखि यही जेठ ३ गतेसम्म मनाइरहेको मूल्यमा पारदर्शिता सप्ताहअन्तर्गत शनिबार पर्वतका विभिन्न क्षेत्रमा बजार अनुगमन गरिएको छ ।

बजारमा कृषिजन्य वस्तुको अवस्था, मासुजन्य वस्तु तथा कृषि तथा भेटेरिनरीका बीउबिजन, विषादी र वस्तुभाउका औषधिको अवस्था, मूल्यसूची र गुणस्तरीयता परीक्षण गर्ने उद्देश्यले बजार अनुगमन गरिएको हो । यहाँ जलजला, मोदी गाउँपालिका र कुश्मा नगरपालिकाका पसलमा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय र कृषि विकास कार्यालयको संयुक्त आयोजनामा अनुगमन गरिएको हो । तीनवटै पालिकामा गरी मासु पसल नौवटा, माछा पसल एक, भेटेरिनरी सेन्टर पाँच, डेरी उद्योग तीन र कृषि बीउ केन्द्र/बीउ भण्डार तथा एग्रो सेन्टर तीन गरी जम्मा २० वटामा अनुगमन गरिएको भेटेरिनरी अस्पतालका प्रमुख सुरेशकुमार श्रेष्ठले जानकारी दिनुभयो । अनुगमनका क्रममा अधिकांश पसलमा मूल्यसूची नराखिएको, सरसफाइमा ध्यान नदिइएको, पसल नवीकरण नगरिएको, विषादी र अन्य सामान एकै ठाउँमा राखेर बिक्री वितरण गरिएको, विषादी विक्रेताले खतराको चिह्न नराखेको, सबै प्रकारको मासु एउटै फ्रिजमा राखिएकोजस्ता समस्या देखिएका छन् ।

यसैगरी सेतो टायल लगाउन, दाउ र अचानो छुट्टाछुट्टै राख्न, हात धुनका लागि बेसिनसहितको धारा राख्नुलगायत सुझाव दिइएको छ । सप्ताहका अवसरमा पहिलोपटक गरिएको बजार अनुगमनमा समस्या देखिएका पसलमा सुधार गर्न एक साताको समयावधि दिइएको छ । तत्काल मूल्यसूची राख्न, मासु पसलमा आवश्यक पूर्वाधार निर्माण गर्न, उद्योग व्यवसाय दर्ता तथा नवीकरण, विषादी वितरणमा आवश्यक सतर्कता अपनाउन आग्रह गर्दै सुधार नभएमा अर्को पटकको अनुगमनमा कारबाही गर्ने चेतावनी दिइएको छ । उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल पर्ने खालका कुनै पनि गतिविधि नगर्न आग्रह गरिएको कृषि विकास कार्यालयका प्रमुख गोपाल लामिछानेले जानकारी दिनुभयो । अनुगमनमा जिल्ला प्रशासन कार्यालय, उपभोक्ता मञ्चका अध्यक्ष सरिता भण्डारी, पर्वत उद्योग वाणिज्य सङ्घका महासचिव खड्गप्रसाद खनाललगायत विभिन्न पालिकाका पशु तथा कृषि शाखा प्रमुखहरूको सहभागिता थियो ।

जिल्लाका अन्य पालिकामा रहेका बजार तथा पसलमा पनि अनुगमन गरिने कार्यालयले जनाएको छ । यसबाहेक जिल्ला प्रशासन कार्यालय, एकीकृत सेवा कार्यालय र सम्बन्धित पालिकाले समेत मातहतका पसलहरू अनुगमनको तयारी गरेका छन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## सर्टिफिकेट हराएको सूचना

**म सागर सुवेदीको विरौटादेखि पि.एन क्याम्पस जाने क्रममा त्रिभुवन युनिभर्सिटीको व्यवस्थापन संकाय स्नातक तहको कन्भोकेशन सर्टिफिकेट (ओरिजिनल सर्टिफिकेट) मिति २०८२/०८/१५ गते हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Registration No: 7-2-781-55-2013
Symbol No : 7810008-2017
**नामः सागर सुवेदी**
**ठेगानाः पोखरा–२१**
**सम्पर्क नं.: ९८६९५७४६३१**



## सार्वजनिक सूचना

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं १२ स्थित माटेपानी मार्गमा श्री हरिकृष्ण सुवेदीको नाममा रहेको कित्ता नं. २० मा बनेको घर नं. ४४ को घर अभिलेखीकरण गर्नु पर्दा दक्षिण बाटो, पूर्वतर्फको कि नं. १३७, उत्तर तर्फको कि.नं. २२ र पश्चिम तर्फको कि.नं. १९ का सधियाराहरु कोहि कसैलाई कुनै प्रकारको बाधा अडचन पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सवुत प्रमाणसहित वडा कार्यालय १२ मा लिखित निवेदन दिनुहुन् सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

# म्याग्दीको गाजनेमा व्यावसायिक स्याउखेती

**रासस**
म्याग्दी, ३ जेठ

म्याग्दीको बेनी नगरपालिका–५ गाजनेमा जिल्लामै पहिलो पटक व्यावसायिक स्याउखेती सुरु भएको छ । प्रविन कृषि तथा पशुपक्षी फार्ममार्फत ३० रोपनी खेत र पाखोबारीमा स्याउखेती सुरु गरेको हो । फार्मका सञ्चालक यादव पौडेलले स्याउखेतीको परीक्षण सफल भएपछि व्यावसायिक रुपमा स्याउखेती सुरु गरेको बताउनुभयो ।

छ वर्ष सरकारी जागिर गरेपछि सात वर्ष इराकमा बिताउनुभएका उहाँले बुटवल र काठमाडौँमा केही समय व्यवसाय पनि गर्नुभएको थियो । अहिले घर फर्किएर रु दुई करोड लगानीमा स्याउ फार्म सुरु गरेको बताउनुभयो । "अहिले स्याउखेती सुरु भएको छ, आगामी दिनमा ५० रोपनीमा विस्तार गर्ने र कृषि पर्यटनको अवधारणाअनुसार 'होमस्टे' सञ्चालनको तयारीमा छु", उहाँले भन्नुभयो ।

गाजने समुन्द्री सतहदेखि दुई हजार दुई सय मिटर उचाइमा छ । पौडेलका अनुसार भारतको हिमाञ्चलबाट 'रेड डेलिसियस', गाला, 'जोनाप्रिन्स', 'चकलेटी'



जातका स्याउका कलमी बिरुवा ल्याएर गत मङ्सिर मा रोप्नुभएको थियो । कलमी बिरुवा भएकाले केही बोटमा यसपाली नै फल लागेको छ । गाजने र धवलागिरी गाउँपालिकाको गुर्जामा घरायसी उपभोगका लागि स्याउ उत्पादन भए पनि व्यावसायिक रुपमा भने पहिलो पटक सुरु गरिएको हो ।

बगैँचामा झारपात उम्रन नदिनका लागि प्लास्टिकको छापो हालेर 'मल्चिङ' गरिएको छ । स्याउ लगाइएको खेतमा यसअघि धान, गहुँ, मकै र बारीमा कोदो खेती हुने गरेको थियो । करिब तीन रोपनी पाखोबारी बाँझो थियो । चार वर्ष हुलाकमा काम गर्नुभएका ५१ वर्षीय पौडेलले रोजगारीका सिलसिलामा करिब छ वर्ष रुकुममा सहायक लेखापालका रुपमा काम गर्नुभएको थियो । "तलबभत्ताले आफू मात्रै पालिने अवस्था आएपछि सहायक लेखापालको स्थायी जागिर छाडेर इराक गएँ । त्यहाँ छ वर्ष काम गरे", उहाँले भन्नुभयो । केही समय मासु पसल र केही समय शैक्षिक परामर्श सञ्चालन गर्नुभएका उहाँले २०७७ सालमा रु २५ लाख लगानी गरेर बोयर जातको बाख्रा पालन गर्नुभएको थियो । तर अपेक्षाकृत रुपमा सफलता हात नपरेपछि उहाँले केही समय भेडापालन पनि गर्नुभयो । पछिल्लो समय पोखरामा रेष्टुरेष्ट व्यवसाय गरिरहेका छोरा प्रविनको योजनाअनुसार आफूले स्याउखेती सुरु गरेको उहाँको भनाइ छ । उहाँले स्याउ खेतीका साथै २५ वटा भेडा, दुई वटा भैँसी र एउटा गाई पनि पाल्नुभएको छ भने एक जनालाई नियमित जागिर पनि दिनुभएको छ ।

कृषि पर्यटनको अवधारणा

गाजनेमा रहेको धार्मिक र ऐतिहाँसिक स्थल जगन्नाथ मन्दिर दर्शन तथा गुफाको डाँडाबाट दृष्य अवलोकन गर्न आउने पर्यटकहरुलाई लक्षित गरेर स्याउ बारीसँगै 'होमस्टे' सञ्चालन गर्ने योजना रहेको उहाँले बताउनुभयो । मन्दिर दर्शनका लागि आएका भक्तजन र गुफाडाँडा घुम्न आउने पर्यटकहरुलाई लक्षित गरी कृषि पर्यटनको अवधारणामा आगामी दसैँदेखि होमस्टे सञ्चालनको लक्ष्य रहेको उहाँको भनाइ छ ।

यहाँबाट धौलागिरि, अन्नपूर्ण, निलगिरि, मानापाथी हिमाल, म्याग्दी, पर्वत र बागलुङका बस्तीह देख्न सकिन्छ । तत्कालीन बाइसे चौबिसेअन्तर्गत पर्वत राजको ग्रिमकालीन दरबार रहेको ढोलथान पनि गाजनेको नजिकै पर्छ ।

# संगम सहकारीको स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा १५ ले संस्थाको तेस्रो समिक्षा बैठकका साथमा २३ औं स्थापना दिवस विभिन्न बिधामा उत्कृष्ट सदस्यहरुलाई सम्मान गर्दै मनाएको छ ।

कार्यक्रममा विभिन्न बिधाका उत्कृष्ट तीन सदस्यलाई प्रशंसा पत्र र सर्वोत्कृष्ट हुने सदस्यलाई नगद सहित सम्मान पत्र प्रदान गरिएको छ । यसरी सर्वोत्कृष्ट भइ सम्मानित हुनेहरू दीर्घकालीन बचतमा तरक बहादुर केसी, जेष्ठ सदस्य बचतमा मन कुमारी सुनार, दैनिक बचतमा कृष्ण ताम्राकार, बाल बचतमा मन्जुला गुरुङ, ऋण कारोबारीमा रीता रेग्मी र सुफावकर्तामा राम बहादुर कोइराला रहेका छन् । यसैगरी यस वर्षको उत्कृष्ट संचालक/लेखा समिति तर्फ तिलक थापा, उत्कृष्ट उपसमिति/कार्यदल सदस्यमा राहत उपसमिति सदस्य ओम प्रसाद पौडेल र उत्कृष्ट



कर्मचारीमा अस्मिन दुरा सम्मानित भएका छन् । कार्यक्रमका प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष दिपक राज बाँस्तोलाले संस्था २३ वर्षको वयस्क हुँदै गएकोमा खुसी व्यक्त गर्दै कार्यक्रममा पुरस्कृत लगायत सबैलाई बधाई दिए । हाल सहकारीमा बैंकले भन्दा पनि सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराइरहेको बताउदै केहि सहकारीमा देखिएको कर्जा असुलीको समस्यालाई समाधान गर्न राज्यले पनि सहयोग गर्नुपर्नेमा उनको जोड थियो । कोलपाटन सहकारीका अध्यक्ष अर्जुन गोशलीले संस्थाको जगेडा कोष राम्रो देखिएकोमा खुसी व्यक्त गर्दै गण्डकी प्रदेशकै उत्कृष्ट संगम सहकारीको छिमेकी हुन पाउँदा गर्वको महसुस गरेको बताए । यसैगरी बाल बचतकर्ता मन्जुला गुरुङले साना बालबालिकाहरुले बचत गर्ने बानी बसाल्नु भनेको उनीहरुको भविष्यको आर्थिक सुनिश्चितता गर्नु पनि हो भन्दै सबै अभिभावकहरुलाई त्यसतर्फ ध्यान दिन अनुरोध गरिन् ।

नबराज तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा भोविन्द्र गिरी, निरज थापा, कृष्ण प्रसाद ढकाल, बुद्धिमान थापा, धनराज पुरी, बृहस्पति अधिकारी, राम बहादुर कोइराला, अस्मिन दुरा लगायतले शुभकामना दिएका थिए ।

# ढोरपाटनमा फस्टाउँदै पर्यटन व्यवसाय, ३९ होटल तथा होमस्टे सञ्चालनमा

**रासस**
बागलुङ, ३ जेठ

कुनै समय एक सामुदायिक होटलका भरमा चलेको ढोरपाटनको पर्यटन व्यवसाय अहिले उल्लेखनीय रूपमा फस्टाउँदै गएको छ । बर्सेनि पर्यटकको आगमन बढ्दै जाँदा यहाँ होटल, गेष्टहाउस तथा सामुदायिक घरबास (होमस्टे) सञ्चालन गर्नेक्रम तीव्र बनेको छ ।

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्रका रूपमा परिचित ढोरपाटन उपत्यकामा पछिल्लो समय निजी क्षेत्रको लगानीसमेत बढ्दै गएको छ । ढोरपाटन सिकार आरक्ष कार्यालयको तथ्याङ्कअनुसार हाल ढोरपाटन क्षेत्रमा ३९ वटा निजी होटल, होमस्टे तथा गेष्टहाउस सञ्चालनमा रहेका छन् । ती होटल तथा घरबासमा साधारण र विशिष्ट गरी कुल २४० कोठा क्षमता रहेको छ । पर्यटक आगमन बढेसँगै स्थानीयवासीले घरबास सञ्चालनलाई आयआर्जनको माध्यम बनाएका छन् ।

पाखाथर सामुदायिक घरबासका अध्यक्ष पुनम बुढामगरले पाखाथर क्षेत्रमा मात्रै १० वटा घरबास सञ्चालनमा रहेको जानकारी दिनुभयो । उहाँका अनुसार पाखाथर घरबासमा एकैरातमा २०० पाहुनालाई राख्न सकिने क्षमता रहेको छ । "पहिले घरायसी काममै सीमित महिला अहिले घरबासमार्फत आत्मनिर्भर बन्न थालेका छन्", बुढामगरले भन्नुभयो, "घरबासले गाउँमा आर्थिक गतिविधि बढाएको छ ।"



ढोरपाटन नगरपालिका क्षेत्रका तल्लोचौर, पाखाथर, तिब्बतीयन क्याम्प, स्यालपाखे, एयरपोर्ट, बिजोरीखोला, माझचौर, उत्तरगङ्गा तथा नवी क्षेत्रमा होटल तथा होमस्टे सञ्चालनमा छन् । पर्यटकको चाप बढ्ने मौसममा यी होटल तथा घरबास (होमस्टे) भरिभराउ हुने गरेको व्यवसायी बताउँछन् । गत वर्षमात्रै ढोरपाटन क्षेत्रमा २३ हजार ६९२ पर्यटक भित्रिएको तथ्याङ्क छ ।

ढोरपाटन क्षेत्रमा विकास भण्डारीद्वारा सञ्चालित उषा होमस्टे, चन्द्रकला अदैको पाखाथर होमस्टे, मिना पुनको पाखाथर होमस्टे, कोपिला अदैको पाखाथर होमस्टे, सुनिता अदेभण्डारीको होमस्टेलगायत साना तथा पारिवारिक घरबास सञ्चालनमा छन् । यस्तै, गङ्गा भण्डारीद्वारा सञ्चालित ढोरपाटन भ्याली होटल, राजेन्द्र विकको न्यू ढोरपाटन होटल, पुष्पा विकको धौलागिरि होटल, लालबहादुर पुनको वन्सुकी होटल, तेजेन्द्र तिब्बतीयन होटल, सोनाम गेष्टहाउस, मिलन होटल एण्ड रेष्टुरेन्ट, हिमालयन ढोरपाटन होमस्टे तथा उत्तरगङ्गा राम होटलजस्ता ठूला आवास व्यवसायले सेवा दिइरहेका छन् ।

तिब्बतीयन क्याम्प आसपासका क्षेत्रमा होमस्टे तथा गेष्टहाउस विस्तार भएका छन् । स्थानीय संस्कृति, वेषभूषा र परिकारलाई प्राथमिकता दिँदै पर्यटक आकर्षित गर्ने प्रयास भइरहेको घरबास सञ्चालक चन्दा अदैले बताउनुभयो । "घाँस, दाउरा गर्ने र खेतबारीमै सीमित महिला घरबास सञ्चालनमा सक्रिय भएका छन्", उहाँले भन्नुभयो, "दीगो पर्यटन परियोजनाअन्तर्गत १० वटा घरबासले रु दुई लाख रुपैयाँका दरले अनुदानसमेत पाएका छन् ।" विशेषगरी ढोरपाटन सिकार आरक्ष, बुर्तिवाङ–ढोरपाटन सडक, ढोरबराह मन्दिर, उत्तरगङ्गा क्षेत्र तथा अन्य धार्मिक र प्राकृतिक गन्तव्य अवलोकनका लागि आउने पर्यटकलाई लक्षित गर्दै होटल तथा पर्यटन व्यवसाय विस्तार भएको हो ।

ढोरपाटन पुग्ने आन्तरिक पर्यटकको सङ्ख्या पछिल्ला वर्षमा उल्लेख्य रूपमा बढेको स्थानीय व्यवसायी बताउँछन् । स्थानीय व्यवसायीका अनुसार सडक पहुँच विस्तार, सामाजिक सञ्जालमार्फत प्रचारप्रसार तथा आन्तरिक पर्यटनको वृद्धिले ढोरपाटनमा पर्यटक आगमन बढाएको हो ।

विशेषगरी नयाँ वर्ष, दसैं–तिहार, बर्खापछि तथा हिउँदको समयमा यहाँ पर्यटकको चहलपहल बढी हुने गरेको छ । हिमपात, प्राकृतिक दृश्यावलोकन, वन्यजन्तु तथा स्थानीय संस्कृति अवलोकन गर्न आउने पर्यटकका कारण होटल व्यवसाय फस्टाउँदै गएको हो ।

स्थानीय होटल व्यवसायी रामबहादुर घर्तीले पूर्वाधार विकास, सडक स्तरोन्नति, खानेपानी, विद्युत् तथा सञ्चार सेवामा सुधार गर्नसके ढोरपाटन पर्यटन क्षेत्र अझै विस्तार हुने बताउनुभयो । "पर्यटनको ठूलो सम्भावना भए पनि अझै धेरै पूर्वाधार आवश्यक छन्", उहाँले भन्नुभयो, "स्थानीय तथा प्रदेश सरकारले पर्यटन प्रवर्द्धन र होटल व्यवसायलाई सहजीकरण गर्ने नीति ल्याउन जरुरी छ ।"

प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमशृङ्खलाको दृश्यावलोकन, शिकार आरक्ष तथा धार्मिक–सांस्कृतिक सम्पदाका कारण ढोरपाटन गण्डकी प्रदेशकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा परिचित छ । पछिल्ला वर्षमा होटल तथा होमस्टे व्यवसाय विस्तार भएसँगै स्थानीयवासीको आयआर्जनमा टेवा पुगेको छ भने आलु, स्याउलगायत स्थानीय उत्पादनले बजार पाउन थालेका छन् ।

# पर्वतमा मदन स्मृति पुस्तकालय स्थापना

**पोखरापत्र संवाददाता**
पर्वत, ३ जेठ

पर्वतमा मदन स्मृति पुस्तकालय सञ्चालनमा आएको छ । ३३औं मदन–आश्रित स्मृति दिवसका अवसरमा पुस्तकालय सञ्चालनमा ल्याइएको हो ।

पुस्तकालयको पूर्वमन्त्री तथा नेकपा (एमाले)का केन्द्रीय सदस्य पदम गिरी र नेपाल कम्युनिष्ट पार्टी पर्वतका संस्थापक तोयानाथ चालिसेले विभिन्न विधाका पुस्तक हस्तान्तरण गरेर आज बिहान शुभारम्भ गर्नुभएको हो ।

सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै आम नागरिक, राजनीतिक दलका नेता कार्यकर्ताहरूमा हराउँदै गएको पठन संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले पुस्तकालय स्थापना गरिएको हो ।

सदरमुकाम कुश्माबजारको मैत्रीचोकमा रहेको नेकपा (एमाले) पर्वतको आफ्नै कार्यालयमा पुस्तकालय स्थापना गरिएको एमाले पर्वतका अध्यक्ष गोविन्द पहाडीले जानकारी दिनुभयो ।




पुस्तकालयमा राजनीति, कानुन, अर्थशास्त्र, इतिहास, धर्म संस्कृति, विज्ञान, कला, प्रकृति, विचार, उपन्यास, सामान्य ज्ञान, विभिन्न अभिलेख तथा कृतिलगायत नेपाली साहित्यका सबै विधाका पुस्तकहरू राखिएको छ । पुस्तकालयमा झन्डै तीन हजार पुस्तक राखिएको र थप सङ्कलनको कार्य भइरहेको एमाले पर्वतका अध्यक्ष गोविन्द पहाडीले जानकारी दिनुभयो ।

यसलाई जिल्लाकै साझा पुस्तकालयका रूपमा विकास गरिने पहाडीको भनाइ छ । पुस्तकालयमा पहिलो चरणमा १५ हजारभन्दा बढी पुस्तकहरू राखिने भएको छ ।

यहाँ फलेवासको मोति पुस्तकालय निरन्तर सञ्चालनमा रहेको छ । यो नेपालकै नमूना पुस्तकालयका रूपमा पुरस्कृत भइसकेको छभने छिमेकी जिल्ला बागलुङमा पनि विद्यामन्दिर पुस्तकालय लामो समयदेखि सञ्चालनमा रहेको छ । अन्य पुस्तकालयहरू भने बन्द भइसकेका छन् ।

# धार्चेको नौलीखोलामा पुल निर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
गोरखा, ३ जेठ

उत्तरी गोरखाको लाइफलाइन मानिने बेनिघाट–आरुघाट–लार्के सडकखण्डअन्तर्गत धार्चे गाउँपालिका–७ स्थित नौलीखोलामा मोटरेबल पुल निर्माण सम्पन्न भएको छ । आइतबार यहाँ आयोजित एक कार्यक्रमका बीच गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले पुलको उद्घाटन गर्नुभएको हो ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत विनियोजित बजेटबाट पूर्वाधार विकास कार्यालय गोरखामार्फत निर्माण सम्पन्न भएको उक्त पुल उत्तरी गोरखा जोड्ने मुख्य संरचना हो । पुल निर्माण सम्पन्न भएसँगै उत्तरी गोरखा पुग्ने स्थानीय, आन्तरिक तथा बाह्य पर्यटकलाई वर्षभर सवारी आवागमनमा सहजता हुने धार्चे गाउँपालिकाका अध्यक्ष गुरुङले बताउनुभयो ।

उहाँका अनुसार पुल निर्माण भएसँगै धार्चे गाउँपालिकाको



केन्द्र माछाखोला तथा चुमनुब्री गाउँपालिकामा आवतजावत सहज भएको हो । नौलीखोलामाथिको निर्मित पुल सञ्चालनमा आएसँगै उत्तरी गोरखाबासीले चर्को भाडा तिरेर खाद्यान्नलगायत सामग्री ढुवानी गर्नुपर्ने बाध्यता अन्त्य हुने अध्यक्ष गुरुङले विश्वास व्यक्त गर्नुभयो । पुल निर्माणका लागि विसं २०७९ साउन २३ गते सूर्यदय कन्स्ट्रक्सन कम्पनी प्रालिसँग रु चार करोड ३४ लाख ७५ हजार ३५९ लागतमा ठेक्का सम्झौता भएको पूर्वाधार विकास कार्यालय गोरखाले जनाएको छ ।

विसं २०८१ साउन २२ गतेभित्र पुल निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता भए पनि आगामी साउन २२ गतेसम्मका लागि पुनःम्याद थप गरिएको थियो । करिब ३५ मिटर लम्बाइ र आठ दशमलव ४० मिटर चौडाइको उक्त पुल प्रिस्ट्रेस प्रविधिमा निर्माण भएको छ । निर्माण कम्पनीले केही दिनअघि मात्र पुल निर्माण सम्पन्न भएको भन्दै गाउँपालिकालाई हस्तान्तरण गरेको थियो ।

# जंगली फल सेवन गर्दा एकको मृत्यु, आठ बिरामी

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ जेठ

यहाँको बडिगाड गाउँपालिका–५ खाराबजारका भोजराज घिमिरेको घरमा जङ्गलमा पाइने फल (जङ्गली भ्याकुर) खाँदा आइतबार एक जनाको मृत्यु भएको छ भने आठ जना बिरामी भएका छन् । भ्याकुर फल सेवन गरिसकेपछि चक्कर लाग्ने, हातखुट्टा लुलो हुने, वान्ता हुने गरेपछि बडिगाड गाउँपालिका–५ निवासी ७२ वर्षीया फिरककुमारी घिमिरेको मृत्यु भएको छ ।

यस्तै बडिगाड गाउँपालिका–५ का दुरपती कामी, विष्णु घिमिरे, शारदा न्यौपाने, अबिसन घिमिरे, भोजराज घिमिरे, सुरेन्द्र विक, पुतली घिमिरे र खिमानन्द घिमिरे बिरामी भएका छन् । बिरामीलाई उपचारका लागि बुर्तिबाङ अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी चिरञ्जीवी अधिकारीले जानकारी दिनुभयो ।